नेपाल सरकार

## कार्यालय प्रमुखको बैठकको निर्णय (२०८३ भाद्र ०५ गते)

१. गत कार्यालय प्रमुखको बैठकबाट भए/गरेको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । सबै कार्यालयले कार्यालय बैठकले गरेका निर्णयहरू कार्यान्वयन गरि नागरिकमा सार्वजनिक सेवा प्राप्तिमा सकारात्मक भावनाको विकास गर्ने ।

२. प्रत्येक बर्ष भाद्र २२ गते मनाउने गरिएको निजामति सेवा दिवस भव्य रुपमा उल्लासमय वातावरणमा कार्यालय परिसर सरसफाई, उक्त अवधिमा बेलुका कार्यालयमा दिप प्रज्वलन गरि मनाउने । सेवाग्राही मध्ये पहिलो सेवाग्राहीलाई भाद्र २२ गते कार्यालयका तर्फबाट सम्मान गर्ने । कर्मचारी मिलन केन्द्रको आयोजनामा विविध सृजनात्मक र रचनात्मक कार्यक्रम गरि हर्षोल्लास पूर्वक दिवस मनाउने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समय-समयमा जारी गरेका शासकीय सुधार सम्बन्धी कार्यविधि, मार्गदर्शन, निर्देशन तथा परिपत्र आदिको सबै कार्यालयले प्रभावकारी ढंगले कार्यान्वयन गर्ने र शासकीय सुधारका विषयलाई केवल प्रकृयागत अन्योलतमा सिमित नराखी सेवा प्रवाह, विकास व्यवस्थापन, पारदर्शिता, उत्तरदायित्व, डिजिटल कार्यप्रवाह तथा सार्वजनिक खर्चको प्रभावकारीतासँग आवद्ध गरि कार्यान्वयन गर्ने ।

४. चालु आ.व.को नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश भएको "शुन्य दिन खरिद नीति" हालसम्म खरिद प्रकृया प्रारम्भ नभएका कार्यालय, आयोजनाले तत्काल कार्य प्रारम्भ गर्ने ।

५. राष्ट्रिय परिचयपत्रको जैविक विवरण दर्ता हुदाँ NIN जारी हुने तर प्रणालीबाट प्रमाणीकरण (Approve) नहुने गरि प्रणालीमा समस्या देखिदा बैङ्क खाता खोल्न तथा KYC Update गर्ने कार्यमा आम नागरिकले समस्या भोग्न परिरहेको समस्या समाधान गर्न नेपाल राष्ट्र बैङ्कको मिति २०८३/०४/०८, प.सं. बै वि.नि.वि./नीति/विविध/१८/०८३/०८४ को बैङ्क तथा वित्तीय संस्थाका नाममा आवश्यक सहजीकरणका लागि लेखेको पत्र बमोजिम सहजीकरणका लागि नेपाल राष्ट्र बैङ्क भैरहवा शाखा कार्यालयले गर्ने ।

०८३/५/१५

प्रमुख जिल्ला अधिकारी